# निष्ठा कार्यक्रम शाखा

निष्ठा कार्यक्रम शाखा (PIB) को भूमिका केन्टकीमा बसोबास गर्ने परिवारहरूले योग्य लाभहरू प्राप्त गरेको, सार्वजनिक सहायता कार्यक्रमहरूको नियमहरू बारे सचेत भएको र सम्बन्धित केन्टकी र USDA खाद्य तथा पोषण सेवा (FNS) नियमहरू अनुसारका लाभहरू प्रयोग गर्छन् भन्ने सुनिश्चित गर्नु हो।

PIB लाई समुदायमा आधारित सेवा विभाग (DCBS) का क्षेत्रीय कर्मचारीहरूलाई दावी नीतिको व्याख्यामा सहयोग गर्न र सबै सार्वजनिक सहायता कार्यक्रमहरूमा कार्यक्रमको निष्ठा बढाउन डिजाइन गरिएको थियो।

PIB मा दावी व्यवस्थापन खण्ड र निष्ठा र विश्लेषण पर्दछन्।

## दावी व्यवस्थापन खण्ड

DCBS द्वारा व्यवस्थापन गरिने विभिन्न सार्वजनिक सहायता कार्यक्रमहरूमा जालसाजी र अधिक भुक्तानी सङ्कलनको अनुसन्धानको निरीक्षण गर्ने जिम्मेवारी लगायत निम्न कुरा पर्दछन्: पूरक पोषण सहायता कार्यक्रम (SNAP), वृद्धवृद्धाका लागि सरलीकृत सहायता (SAFE), केन्टकी संक्रमणकालीन सहायता कार्यक्रम (KTAP), किनसीप केयर, चाइल्ड केयर र मेडिकेड लगायत थुप्रै ।

### दावी भुक्तानी गर्न को जिम्मेवार छ?

आफूले पाउनुपर्ने भन्दा बढी सुविधाहरू प्राप्त गर्नुभएको समयमा तपाईंको घरपरिवारको कुनै पनि वयस्क व्यक्तिले दावी सङ्कलन गर्न सक्छन्। यसमा अधिकृत प्रतिनिधिहरू, लागूपदार्थ तथा अल्कोहल दुरूपयोग उपचार केन्द्रमा तोकिएको प्रतिनिधि, हेरचाहकर्ता नातेदार, अदालतले आदेश दिएको व्यक्ति आदि पनि पर्छन्।

### दावी पुनर्भुक्तानीका विधिहरू

दावी निम्न विकल्प मध्ये कुनै प्रयोग गरेर फिर्ता गर्न सकिन्छ:

- **लाभको घटौती**। कुनै घरपरिवारमा एजेन्सीको त्रुटि वा अनजानमा हुने घरपरिवारको त्रुटि मानिने दावीका किसिम छन् र कुनै उत्तरदायी सदस्यले सक्रिय रूपमा SNAP वा KTAP कार्यक्रम लाभहरू प्राप्त गरिरहेको भएमा संघीय कानुन अनुसार हामीलाई तपाईंको मासिक लाभबाट $10.00 वा 10% जुन बढी हुन आउँछ त्यही रकम स्वत: लिन आवश्यक छ। कुनै घरपरिवारमा अन्तर्राष्ट्रिय कार्यक्रम उल्लङ्घन मानिने दावीका किसिम भएमा संघीय कानुन अनुसार हामीलाई तपाईंको मासिक लाभबाट $20.00 वा 20% जुन बढी हुन आउँछ त्यही रकम स्वत: लिन आवश्यक छ। घरपरिवारसँग विद्यमान स्वत: लाभ कटौतीसँगै थप रकम लागू गर्न अनुरोध गर्ने विकल्प छ।
- **अनलाइन भुक्तानीहरू**। अनलाइन भुक्तानी दावी गर्न यहाँ जानुहोस् https://kynect.ky.gov। खाता खोल्नुहोस् वा तपाईंको विद्यमान केन्टकी अनलाइन गेटवे (KOG) खातामा साइन इन गर्नुहोस्, त्यसपछि मेनुको बायाँ पट्टि रहेको "दावी र भुक्तानी" तिर नेभिगेट गर्नुहोस्।
- **चेक वा मनी अर्डर।** यो भुक्तानी केन्टकी राज्य ट्रेजररलाई बुझाउनु पर्छ र तपाईंले यस भुक्तानी प्रकारमा आफ्नो नाम र दावी नम्बर(हरू) समावेश गर्नुपर्छ। आफ्नो भुक्तानी निम्न ठेगानामा पठाउनुहोस्:

  दावी व्यवस्थापन खण्ड
  275 E Main St, 3E-I
  Frankfort, KY 40621

- **राज्य कर अफसेटहरू (RIC)।** तपाईंले भुक्तानी गर्नुभएन वा आफ्नो भुक्तानी सम्झौतामा डिफल्ट हुनुभएन भने, तपाईंको दावी सङ्कलनका लागि अन्य एजेन्सीहरूमा पठाइने छ। यसो भयो भने तपाईंलाई सङ्कलन शुल्क लगाइने छ।

बाँकी रकम पूर्ण रूपमा भुक्तानी नभएसम्म केन्टकी राजस्व विभाग, सङ्कलन विभागले केन्टकी आयकर फिर्ताको सम्पूर्ण वा आंशिक भाग लिन सक्छ।

- **ट्रेजरी अफसेट कार्यक्रम (TOP)।** तपाईंले भुक्तानी गर्नुभएन वा आफ्नो भुक्तानी सम्झौतामा डिफल्ट हुनुभएन भने, तपाईंको SNAP दावी सङ्कलनका लागि अन्य एजेन्सीहरूमा पठाइने छ। यसो भयो भने तपाईंलाई सङ्कलन शुल्क लगाइने छ। TOP संघीय रूपमा अनिवार्य सङ्कलन कार्यक्रम हो जसले जस्तै संघीय आयकर फिर्ता, संघीय तलब र सामाजिक सुरक्षा भुक्तानीहरू संघीय भुक्तानीहरू (अफसेट भनिने) उठाउने अनुमति दिन्छ। SNAP ऋण 120 दिनभन्दा बढी बक्यौता रह्यो वा तिर्ने सहमति भएको भए पनि पालना गरिएन भने त्यो ऋण TOP मा पठाइन्छ।

### दावी सम्बन्धी थप प्रश्नहरू छन्?

कृपया सोमबारदेखि शुक्रबारसम्म बिहान 8:00 बजे देखि बेलुका 4:30 बजे ET भित्र दावी व्यवस्थापन शाखा लाई 502-564-3440 मा सम्पर्क गर्नुहोस् वा chfscms@ky.gov मा इमेल पठाउनुहोस्। कृपया आफ्नो दावी नम्बर(हरू) समावेश गर्नुहोस् र/वा तयार राख्नुहोस्।

### के तपाईंसँग योग्यता वा आफ्नो हालको सार्वजनिक सहायता सुविधाबारे कुनै प्रश्न छन्?

तपाईं हाल सार्वजनिक सहायता प्राप्त गर्दै हुनुहुन्छ भने हामी सार्वजनिक सहायता प्राप्त गर्न चाहन्छौँ र ती सुविधाहरू बारे प्रश्नहरू छन् भने कृपया निम्न विकल्पहरू मध्ये कुनै एक प्रयोग गरेर DCBS परिवा सहायतालाई सम्पर्क गर्नुहोस्:

- कृपया कल सर्भिस सेन्टरको टोल-फ्री नम्बर 855-306-8959 मा सोमबारदेखि शुक्रबार बिहान 8:00 देखि बेलुका 4:30 ET र शनिबार बिहान 9:00 देखि दिउँसो 2:00 (ET) सम्म सम्पर्क गर्नुहोस्।
- खाता खोल्न वा भइरहेको KOG खातामा साइन इन गर्न र अनलाइन आवेदन दिन यहाँ https://kynect.ky.gov जानुहोस् वा
- स्थानीय पारिवारिक सहायता कार्यालयमा जानुहोस्। तपाईंको नजिकैको कार्यालय यहाँबाट प्राप्त https://prd.webapps.chfs.ky.gov/Office_Phone/गर्नुहोस्।

### मेडिकल सहायता

तपाईंसँग आफ्नो बीमा प्रिमियम र भुक्तानी बारे प्रश्न वा चिन्ता छ भने कृपया 855-4kynect (1-855-459-6328) मा सम्पर्क गर्नुहोस् वा बायाँ तिरको नेभिगेसनमा स्वास्थ्य योजनाहरू छनोट गरेर आफ्नो इनरोलमेन्ट सम्बन्धी जानकारी पहुँच गर्न सक्नुहुन्छ।

### बाल सेवा सम्बन्धी दावीहरू

तपाईंसँग आफ्नो बाल हेरचाह दावी(हरू) सम्बन्धी कुनै प्रश्नहरू छन् भने कृपया बाल हेरचाह दावी खण्डको डिभिजनको 844-209-2657 मा सम्पर्क गर्नुहोस्।

## निष्ठा तथा विश्लेषण शाखा

SNAP र KTAP लगायतका विविध सार्वजनिक सहायता कार्यक्रमहरूमा सार्वजनिक सहायता ठगीको अनुसन्धानको निरीक्षण गर्ने जिम्मेवार ।

### EBT बेचबिखन र दुरूपयोग

बेचबिखन भन्नाले:

- योग्य खाद्य सामग्री बाहेक नगद वा अन्य SNAP लाभ, EBT कार्ड, EBT कार्ड नम्बर वा व्यक्तिगत पहिचान नम्बर (PIN) खरिद गर्ने, बेच्ने वा साटासाट गर्ने कार्य वा प्रयासलाई जनाउँछ।
- मादक पदार्थ, साबुन, सुर्तीजन्य पदार्थ, बन्दुक, बारुद वा विस्फोटक पदार्थ वा लागू पदार्पथ जस्ता अयोग्य वस्तुहरू खरिद गर्न SNAP लाभ, EBT कार्ड, EBT कार्ड नम्बर वा PIN(हरू) साटासाट गर्ने।

- SNAP लाभ प्रयोग गरेर खरिद गरिएको खाना पुन: बिक्री वा साटासाट गर्ने।
- SNAP लाभबाट खरिद गरिएको खाना बिक्री गर्ने उद्देश्यले खाद्य वस्तुहरू तयार गर्न प्रयोग गर्ने।

दुरूपयोग भन्नाले:

- SNAP योग्य खानाको लागि नै भए पनि क्रेडिट खातामा भुक्तानी गर्न SNAP लाभहरू प्रयोग गर्नुलाई जनाउँछ।
- तपाईंको लाभ समूहको सदस्य वा अधिकृत प्रतिनिधि नभएको व्यक्तिलाई तपाईंको EBT कार्ड र PIN प्रयोग गर्न अनुमति दिने।
- तपाईंको SNAP परिवारका लागि लक्षित EBT लाभहरू सहितको खाना खरिद गर्ने तर खाना अर्को व्यक्ति वा घरपरिवारलाई दिने।
- लाभहरूको गलत प्रयोग गर्ने तर बेचबिखनको परिभाषा पूरा गर्ने तरिकाले होइन।

## मेरा लाभहरू कसका लागि प्रयोग गरिनु पर्छ?

EBT लाभहरू तपाईंको लाभ समूह भित्रका जो कोहीको लागि प्रयोग गरिनु पर्छ। आफ्नो लाभ समूह बाहिरका जो कसैका लागि आफ्नो EBT लाभ भएका वस्तुहरू खरिद नगर्नुहोस्। तपाईंले अधिकृत सदस्य नरहेका आफ्नो लाभ समूह बाहिरका मानिसलाई पनि आफ्नो EBT कार्ड र PIN को पहुँच दिनु हुँदैन।

## विद्युतीय लाभ चोरी भनेको के हो?

स्किमिङ र क्लोनिङ:

- जब ठगी गर्नेहरूले EBT कार्ड, क्रेडिट कार्ड वा डेबिट कार्डबाट कार्ड नम्बर र अन्य कार्ड जानकारी चोर्नका लागि स्वचालित टेलर मेसिन (ATM), पोइन्ट अफ सेल (POS) मेसिन वा PIN प्याडमा अवैध उपकरण जोड्छन्, त्यो बेला स्किमिङ हुन्छ । यी उपकरणहरू सेकेन्डभरमै राख्न सकिन्छ र यिनीहरू ATM, POS मेसिन वा PIN प्याडको भाग जस्तो देखिने गरी डिजाइन गरिएका हुनाले पहिचान गर्न गाह्रो हुन सक्छ।
- ठगहरूले नक्कली चुम्बकीय स्ट्रिप कार्डहरू प्रयोग गर्न चोरी गरिएको डाटा प्रयोग गर्न सक्छन् वा विभिन्न खुद्रा विक्रेताहरूबाट उपहार कार्डहरू पनि बनाउन सक्छन्। क्लोन गरिएका कार्डहरू मानिसको पैसा चोर्न वा प्रत्यक्ष वा व्यक्तिगत तरिकाले मानिस लाभ सहायता पूरा गर्न प्रयोग गर्न सक्छन्।

फिसिङ र स्पुफिङ:

- यी आक्रमणहरू इ-मेल, टेक्स्ट मेसेज वा फोन कल जस्ता विद्युतीय माध्यमहरू मार्फत गरिन्छन् जहाँ ठगहरूले DCBS जस्तो विश्वसनीय स्रोतको नक्कल गरेर मानिसलाई तिनका EBT खाता विवरण दिन लोभ्याउने प्रयास गर्छन्।

## विद्युतीय लाभ चोरीबाट बच्न मैले गर्न सक्छु?

विद्युतीय लाभ चोरीबाट बच्न थुप्रै कुरा गर्न सकिन्छ। यिनीहरूमा निम्न पर्दछन्:

- ebtEDGE मोबाइल एप्लिकेसन डाउनलोड गर्नुहोस्। ebtEDGE मोबाइल एप्लिकेसनबाट मानिसले इन्टरनेट पहुँच उपलब्ध भएको कुनै पनि स्थानबाट तुरुन्तै आफ्नो KTAP र SNAP लाभ जानकारी प्राप्त गर्न सक्छन्। www.ebtedge.com चलाउन आफ्नो इन्टरनेट ब्राउजर प्रयोग गर्नुहोस् र कार्डहोल्डर लगइन लिङ्क छनोट गर्नुहोस्। यो एपबाट तपाईंले निम्न काम गर्न सक्नुहुन्छ:
    - उही समय आफ्नो ब्यालेन्स हेर्न,
    - आफ्नो कारोबारको इतिहास हेर्न,
    - आफ्नो डिपोजिट इतिहास र सेड्युल समीक्षा गर्न,
    - आफ्नो PIN परिवर्तन गर्न;
    - SNAP लाभ चल्ने आफू नजिकैका रिटेलरहरू प्राप्त गर्न,
    - स्टेट बाहिरका खरिदहरू ब्लक गर्न,

    - खरिद रोक्न आफ्नो EBT कार्ड फ्रिज र अनफ्रिज गर्न र
    - अधिक!
    - यो मोबाइल एपको बारेमा थप जान्न र आजै डाउनलोड गर्न यहाँ जानुहोस् https://www.fisglobal.com/ebtedgemobile.
- आफ्नो PIN बारम्बार परिवर्तन गर्नुहोस्।
- आफ्नो EBT कार्ड नम्बर र PIN गोप्य राख्नुहोस् र आफ्नो लाभ समूह बाहिरका कसैसँग साझा नगर्नुहोस्। मेसिनमा आफ्नो पिन हाल्दा किप्याड छोप्नुहोस्।
- DCBS कर्मचारीहरूले जुनसुकै कारणवश तपाईंको EBT कार्ड नम्बर र PIN सँगै माग्ने छैनन्। यदि कसैले तपाईंलाई यो जानकारी माग्दै सम्पर्क गर्यो भने, तुरुन्तै उम्किनुहोस्!

## के तपाईं विद्युतीय लाभ चोरीको सिकार हुनुभएको छ?

तपाईंलाई विद्युतीय लाभ चोरीको शिकार भएको शंका लागेमा तपाईंले गर्न सक्ने कामहरू यहाँ दिइएका छन्:

- EBT विक्रेता फाइडलिटी इन्फर्मेसन सर्भिसेज (FIS) को 1-888-979-9949 मा सम्पर्क गरेर तुरुन्तै नयाँ EBT कार्ड अर्डर गर्नुहोस्।
- कृपया DCBS लाई चोरीको रिपोर्ट गर्न कल सर्भिस सेन्टरको टोल-फ्री नम्बर 855-306-8959 मा सोमबारदेखि शुक्रबार बिहान 8:00 देखि बेलुका 4:30 ET र शनिबार बिहान 9:00 देखि दिउँसो 2:00 ET सम्म सम्पर्क गर्नुहोस् वा तपाईंको नजिकको पारिवारिक सहायता कार्यालयमा जानुहोस्। तपाईंको नजिकैको कार्यालय यहाँबाट प्राप्त https://prd.webapps.chfs.ky.gov/Office_Phone/गर्नुहोस्।

## मैले मेरा लाभहरूमा केही गडबड भएको सूचना पाएको छु।

DCBS ले लाभ प्राप्तकर्ताहरूलाई उनीहरूको EBT कार्डको डेटा चोरी भएको जानकारी गराउन अभियान सुरु गर्‍यो। घरपरिवारहरूलाई उनीहरूको सुविधाहरू चोरी हुनुभन्दा पहिले नै डेटा विश्लेषण मार्फत सम्भावित रूपमा पहिचान गरिन्छ र उनीहरूलाई नयाँ EBT कार्ड अर्डर गर्न र आफ्नो PIN परिवर्तन गर्न सचेत गराउँदै इ-मेल वा टेक्स्ट मेसेज जस्ता विद्युतीय सूचना पठाइन्छ। EBT कार्डमा गडबड भएको पाइएमा घरधनीलाई इमेल वा पाठ सन्देशको माध्यमबाट सूचना प्राप्त हुनेछ। इमेल वा टेक्स्ट सूचनाका लागि घरधनीले अनुमति दिएको भए पनि वा नभए पनि यो सूचना प्राप्त हुनेछ।

> "तपाईंको EBT कार्डमा गडबड भएको छ। नयाँ EBT कार्ड अर्डर गर्न र PIN परिवर्तन गर्न FIS लाई 1-888-979-9949 मा तुरुन्तै कल गर्नुहोस्।"

यो सन्देश प्राप्त गर्नुभयो भने तपाईंले तुरुन्तै नयाँ EBT कार्ड अर्डर गर्ने र आइपुग्ने वितिकै PIN परिवर्तन गर्नुपर्छ। यो लाभ चोरीको सूचना होइन होइन। शंकास्पद गतिविधिका लागि घरपरिवारहरूले आफ्नो EBT कारोबार इतिहासको समीक्षा गर्नुपर्छ। चोरीको शङ्का लागेमा कृपया DCBS लाई चोरीको रिपोर्ट गर्न कल सर्भिस सेन्टरको टोल-फ्री नम्बर 855-306-8959 मा सोमबारदेखि शुक्रबार बिहान 8:00 देखि बेलुका 4:30 (ET) र शनिबार बिहान 9:00 देखि दिउँसो 2:00 (ET) सम्म सम्पर्क गर्नुहोस् वा तपाईंको नजिकको पारिवारिक सहायता कार्यालयमा जानुहोस्। तपाईंको नजिकैको कार्यालय यहाँबाट प्राप्त https://prd.webapps.chfs.ky.gov/Office_Phone/गर्नुहोस्।

## ठगी भएको रिपोर्ट मैले कसरी गर्ने?

सार्वजनिक सहायता सम्बन्धी ठगी वा दुरुपयोगको रिपोर्ट गर्न तपाईंले इन्सपेक्टर जनरल (OIG) कार्यालयको टोल-फ्री नम्बर 800-372-2970 मा सोमबारदेखि शुक्रबार बिहान 8:00 देखि बेलुका 4:30 ET सम्म सम्पर्क गर्न सक्नुहुन्छ।

# सम्पर्क विवरण

## दावी व्यवस्थापन शाखा

**इमेल:** chfscms@ky.gov

**फोन:** 502-564-3440

**मेल गर्ने ठेगाना:**
275 E. Main St. 3E-1
Frankfort, KY 40621

## निष्ठा तथा विश्लेषण शाखा

**फोन:** 502-564-3440

**मेल गर्ने ठेगाना:**
275 E. Main St. 3E-1
Frankfort, KY 40621